# नेपालमा विपद् व्यवस्थापनमा समावेशी सहभागिताको अवस्था

**GOVERNMENT OF NEPAL**
**MINISTRY OF HOME AFFAIRS**

# नीतिगत व्यवस्था

- नेपालको अन्तरिम संविधान, २०६३
- त्रिवर्षीय योजना, ०६७/०६८-०६९/०७०
- स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली
- दैवी प्रकोप (उद्धार) ऐन, २०३९
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
- विपद् पश्चातको शव व्यवस्थापन सम्वन्धी मार्गदर्शन, २०६८
- Five Flagship Programme
- National Disaster Response Framework (Draft)
- प्रकोप पीडित राहत र उद्धार सम्वन्धी मापदण्ड, २०६४
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७
- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको विधान, २०६५
- विभिन्न मन्त्रालयका क्षेत्रगत नीतिहरु

# सङ्गठनात्मक व्यवस्था

- केन्द्रीय दैवी प्रकोप उद्धार समिति (गृह मन्त्री अध्यक्ष)
- क्षेत्रीय दैवी प्रकोप उद्धार समिति (क्षेत्रीय प्रशासक अध्यक्ष)
- जिल्ला दैवी प्रकोप उद्धार समिति (प्रमुख जिल्ला अधिकारी अध्यक्ष)
- स्थानीय समितिहरु
- गृह मन्त्रालय/राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र
- क्षेत्रीय प्रशासन कार्यालय/क्षेत्रीय आपत्कालीन कार्यसञ्चालन केन्द्र
- जिल्ला प्रशासन कार्यालय/जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र
- स्थानीय निकायहरु/ईलाका, नगरपालिका वा गा.वि.स.स्तरीय आपत्कालीन कार्यसञ्चालन केन्द्रहरु
- नेपाली सेना/नेपाल प्रहरी/सशस्त्र प्रहरी बलका केन्द्रीय एवं स्थानीय कार्यालयहरु

# दैवी प्रकोप उद्धार ऐन, २०३९

- दैवी प्रकोपबाट सर्वसाधारण जनताको जीउधन तथा सार्वजनिक सम्पत्तिको सुरक्षा गर्नको लागि दैवी प्रकोप उद्धार कार्यहरु गर्ने सम्वन्धमा व्यवस्था गर्न र सर्वसाधारण जनताको सुविधा कायम राख्न
- यस ऐनले दैवी प्रकोप उद्धार सम्वन्धमा निम्नानुसार संस्थागत व्यवस्था गरेको छ :

(क) केन्द्रीय दैवी प्रकोप उद्धार समिति (गृह मन्त्रीको अध्यक्षतामा)

(अ) उद्धार तथा उपचार उप-समिति (स्वास्थ्य मन्त्रीको अध्यक्षतामा)

(आ) आपूर्ति, आश्रय तथा पुनर्स्थापना उप-समिति (आवास तथा भौतिक योजना मन्त्रीको अध्यक्षतामा)

(ख) क्षेत्रीय दैवी प्रकोप उद्धार समिति (क्षेत्रीय प्रशासकको अध्यक्षतामा)

(ग) जिल्ला दैवी प्रकोप उद्धार समिति (प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा)

(घ) स्थानीय समितिहरु

# त्रिवर्षीय योजना, ०६७/०६८-०६९/०७०

दीर्घकालीन सोच

- नेपाललाई जुनसुकै खालका प्रकृतिक तथा गैरप्राकृतिक विपद्बाट उत्थानशील बनाउने ।

उद्देश्य

- विपद्बाट हुने मानवीय, आर्थिक सामाजिक, प्राकृतिक क्षतिलाई न्यूनतम गर्ने

विपद् व्यवस्थापनको सम्पूर्ण कार्यमा महिला, केटाकेटी, अपाङ्गता भएका व्यक्ति, वृद्धवृद्धालगायत उच्च जोखिममा रहेको वर्गको हितलाई सुनिश्चित गर्ने व्यवस्था मिलाईनेछ ।

# विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६

- दीर्घकालीन सोच

नेपाललाई विपद्बाट उत्थानशील समाजको (disaster Resilient Community) रुपमा स्थापित गर्ने ।

- Hyogo Framework for Action (HFA) मा आधारित यस रणनीतिका मार्ग निर्देशक सिद्धान्तहरु:

(क) विपद् जोखिम न्यूनीकरणको अवधारणालाई विकास योजनाहरुमा मूल प्रवाहीकरण गर्ने ।

(ख) सुरक्षित जीवन र सामाजिक सुरक्षाको प्रत्याभूति

(ग) लैङ्गीक तथा सामाजिक समावेशीकरण

(घ) विकेन्द्रीत कार्यान्वयन प्रक्रिया

(ङ) कर्मचारीको सुरक्षा

(च) One-window Policy र Cluster Approach को आधारमा कार्य सञ्चालन

## विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६.....................

(ग) लैङ्गीक तथा सामाजिक समावेशीकरण

- विपद् जोखिम व्यवस्थापनका सबै चरणहरुमा लैङ्गिक सवाल तथा समावेशीकरणलाई मूलप्रवाहमा ल्याइनेछ ।
- विपद् प्रतिकार्य सञ्चालन गर्दा विपद्भन्दा पहिले, भईरहेको समयमा र पछिको अवस्थामा सिमान्तकृत लगायत समाजका सबै वर्गहरुको पहिचान र विश्लेषण गर्ने
- विपद्को समयमा सार्वजनिक सेवाहरु अवरुद्ध भएको अवस्थामा पनि सामाजिक प्रणालीलाई अविच्छिन्न सञ्चालन गर्ने कार्यमा सहयोग पुगोस भन्ने हेतुले समुदायका सबै समूह एवं अल्पसङ्ख्यक समूहका बालबालिका, महिला, वृद्धवृद्धा, अशक्त आदिलाई सुसूचित गर्ने व्यवस्था मिलाइनेछ ।
- महिला, बालबालिका, अशक्त विरामी सबैको पूर्व पहिचान गरी तदनुरुप उद्धार, राहत तथा पुनर्स्थापनाका लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

# विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६....................

- प्राथमिकताप्राप्त क्रियाकलाप ४ को रणनीति अनुसार

**चुनौति** : समाजका सीमान्तकृत श्रेणीमा रहेका विभिन्न अतिसंकटासन्न समूहहरु कस्तो प्रकृतिको जोखिमबाट प्रभावित हुनसक्दछन भनि तथ्यपरक आंकलन गर्ने परिपाटीको विकास हुन नसकेको र यस्ता संकटासन्न वर्गका लागि व्याप्त जोखिम न्यूनीकरण तथा आपत्कालीन प्रतिकार्यमा निजी क्षेत्र, गैसस, समुदायमा आधारित संस्थाको भूमिका तथा सम्भावनालाई उजागर गर्न सकिएको छैन ।

**रणनीतिक क्रियाकलाप** : समाजका सीमान्तकृत श्रेणीमा रहेका दलित, महिला, अपाङ्ग, तथा सुविधाबाट वञ्चित समूह, बालबालिका तथा वृद्धवृद्धाजस्ता अतिसंकटासन्न आधारमा विपद् जोखिम न्यूनीकरणसम्वन्धी विशेष कार्यक्रमहरुको विकास गरी सञ्चालन गर्ने ।

# विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६.....................

- **सूचक गतिविधि तथा परिणाम**

  निम्न विषयहरुलाई प्राथमिकता प्रदान गरी हरेक समूहको आवश्यकताको लेखाजोखा गरी अतिसंकटासन्न लक्ष्यित समूहहरुका लागि विपद् जोखिम न्यूनीकरणका विशेष कार्यक्रमहरुको विकास गरी सञ्चालन गरिएको हुनेछ :

  – सचेतना तथा प्रशिक्षण

  – व्यक्तिगत एवं परिवारहरुको सुरक्षा

  – समुदायको सुरक्षा

  – प्रशिक्षकको प्रशिक्षण तथा सोका लागि पाठ्यक्रम विकास

  – विभिन्न लक्ष्यित समुहहरुका लागि विशेष प्रशिक्षण

- **जवाफदेही निकाय** : समवन्धित मन्त्रालयहरु, गृह मन्त्रालय, स्थानीय निकायहरु, गैरसरकारी संस्था, दातृ निकाय, समुदायमा आधारित संगठनहरु

# प्रकोप पीडित राहत र उद्धार सम्वन्धी मापदण्ड, २०६४

- राहत उपलब्ध गराउँदा महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग लगायतका सीमान्तकृत वर्गको हितलाई विशेष ध्यान दिने ।
- प्रकोपको घट्नामा परि घाईते भएकाहरुको सरकारी अस्पतालमा नि:शुल्क उपचारको व्यवस्था मिलाउने साथै अस्पतालबाट घर फर्कदाँ एकहजार रुपैयाँ र यातायात खर्च उपलब्ध गराउने ।
- जिल्ला दैवी प्रकोप उद्धार समितिले जिल्लास्तरमा विपद्सँग सरोकारवाला तथा सरकारी र गैरसरकारी निकायहरुबीच समन्वय गरी विपद् जोखिम न्यूनीकरण कार्ययोजना तर्जुमा गर्ने तर्जुमा भएका योजनाहरुको कार्यान्वयन गर्ने गराउने

# विभिन्न नीतिहरुमा भएका अन्य व्यवस्थाहरु

- भू-उपयोग नीति अनुरुप वस्ती संरक्षण र स्थानान्तरण गर्दा गरिब, महिला, अपाङ्ग, जेष्ठ नागरिक तथा पिछडिएका वर्गलाई प्राथमिकता दिने ।
- मथिका वर्गहरुलाई प्राथमिकता दिई विपद् व्यवस्थापनसँग सम्वन्धित आपत्कालीन स्वास्थ्य सेवा, उद्धार तथा राहत कार्य, स्थानीय क्षमता अभिवृद्धि आदि जस्ता तालिम सञ्चालन गर्ने ।
- विपद् जोखिम न्यूनीकरण सम्वन्धी सम्पूर्ण काममा लैङ्गिक समानता तथा समाजिक समावेशीकरण कायमा गर्ने ।
- पुनर्लाभको चरणमा माथिका वर्गलाई प्राथमिकता दिई सहुलियतपूर्ण ऋण, अनुदान तथा अन्य सहयोग प्रदान गर्ने ।
- विपद्बाट असर परेका व्यक्तिहरुका लागि मानोसामाजिक परामर्श सहयोग उपलब्ध गराउने । (यस कार्यमा अपाङ्गहरुबाट परामर्श उपलब्ध गराउँदा वढी प्रभावकारी हुने ????)

# National Disaster Response Framework (Draft)

- यस Framework ले आपत्कालीन प्रतिकार्य तयारीका क्रियाकलापहरुमा Project Plan of the Vulnerable Groups and Gender सम्वन्धी व्यवस्था गरेको छ । साथै महिला तथा बालबालिका विभागको नेतृत्वमा र अन्य निकायहरुको सहयोगमा १ वर्षभित्र उक्त योजना वनाउने कार्य सम्पन्न गर्ने कार्यक्रम रहेको छ ।
- NDRF छिटै स्वीकृत हुने प्रक्रियामा रहेको छ ।

# Five Flagship Programme (पाँच प्राथमिकता कार्यक्रम)

- School and Hospital Safety (विद्यालय तथा अस्पताल सुरक्षा) - ADB/WHO र शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय
- Emergency Preparedness and Response Capacity (आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य क्षमता) - UNOCHA र गृह मन्त्रालय
- Flood Management in Koshi River Basin (कोशी नदी क्षेत्रको बाढी व्यवस्थापन) - World Bank र सिंचाई मन्त्रालय
- Integrated Community Based Disaster Risk Reduction /Management (समुदायमा आधारित प्राकृतिक विपद् व्यवस्थापन) - IFRC र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
- Policy/Institutional Support for Disaster Risk Management - विपद् जोखिम व्यवस्थापनका लागि नीतिगत तथा संस्थागत सुदृढिकरण) - UNDP र गृह मन्त्रालय

# नेपालमा विपद् व्यवस्थापनका समस्याहरु

- प्रकोपको घट्ना घटिसकेपछि मात्र राहत र उद्धारमा केन्द्रीत रहनु ।
- विपद् जोखिम न्यूनीकरणलाई क्षेत्रगत विकासमा मूलप्रवाहिकरण गर्न नसक्नु ।
- विपद् व्यवस्थापनमा आवश्यक पर्याप्त संस्थागत तथा नीतिगत संरचनाको अभाव रहनु ।
- विपद् व्यवस्थापनमा जोखिम न्यूनीकरणभन्दा विपद् प्रतिकार्यलाई बढी जोड दिनु ।
- जोखिम न्यूनीकरण र पुनर्लाभ कार्यक्रममा बजेटको अभाव हुनु ।
- पूर्व सूचना प्रणालीमा आधुनिक प्रविधिको प्रयोग नहुनु ।
- पर्याप्त प्रचार प्रसार र जनचेतनाको कमी
- विकास आयोजनाको तर्जुमा तथा कार्यान्वयन गर्दा विपद् जोखिम मूल्याङ्कन गर्ने पद्धतिको स्थापित नहुनु ।

# चुनौतिहरु

- विपद् व्यवस्थापनमा समुदायमा रहेका सवै वर्गको सहभागिता सुनिश्चित गर्नु
- विपद्मा कार्यरत सवै निकायहरुबीच पर्याप्त समन्वय र सहकार्य गराउनु ।
- भू-उपयोग नीतिको प्रभावकारी कार्यान्वयन गर्नु
- प्रकोप सम्भावित क्षेत्रको विस्तृत नक्साङ्कन गर्नु
- भवन संहिताको परिचालन प्रभावकारी गर्नु
- विपद् व्यवस्थापनमा संलग्न निकायहरुको क्षमता विकास र स्रोत साधनको व्यवस्था गर्नु ।
- विपद् व्यवस्थापन सम्वन्धमा समयानुकुल परिमार्जित कानूनी व्यवस्था गर्नु ।

# राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको भवन



# धन्यवाद